# शिक्षण सिकाइ सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ (प्रथम संशोधन)

**दार्मा गाउँपालिका, सल्यान**

**कर्णाली प्रदेश**

**नेपाल**

# दार्मा गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड -९,　　सङ्ख्या : ३　　मिति : २०८२/०५/२७**

## भाग -२

## दार्मा गाउँपालिका

गाउँकार्यपालिकाबाट स्वीकृत मिति :२०८१/०३/३०

प्रथम संशोधन मिति : २०८२/०५/२२

प्रमाणिकरण मिति : २०८२/०५/२७

# दार्मा गाउँपालिका र अभिभावकको साझेदारीमा शिक्षण सिकाइ सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ (प्रथम संशोधन)

**प्रस्तावना**

जनमानसमा शिक्षाको महत्व , गुणस्तरीय शिक्षा र उत्कृष्ट शैक्षिक संस्थाहरुप्रति जागरुकता र आकर्षण वढिरहेको पृष्ठभूमीमा , उत्कृष्ट नतिजा ह , प्रशस्त अतिरिक्त र सह क्रियाकलापका गतिविधिको सुनिश्चितता , विद्यार्थी तथा अभिभावकमैत्री वातावरण , सिकाइ उपलव्धीको प्रभाव लगायतका कार्यहरु गर ी विद्यार्थी र अभिभावकको आकर्षण वढाउन , कार्यकलाप गर्न विद्यालयसंग सिमित जनशक्ति , भौतिक संरचना सिमित रहेको र विद्यालयलाई आवश्यक जनशक्तिको व्यवस्था राज्यवाट हुन नसक्दा विद्यालयकै स्वप्रयत्नमा धेरै विद्यार्थीहरुमा ज्ञानको ज्योति छर्न चुनौति रहेकोले गाउँपालिका तथा अभिभावकको साझेदारिबाट मात्र शिक्षण सस्थाहरु सतञ्चालन गर्ने अपरिहार्यता महशुस गरिएकोछ । राज्यका तर्फवाट उपलव्ध जनशक्तिका आधारमा थोरै विद्यार्थीलाई मात्र पढने अवसर प्रदान गर्दा ठूलो संख्यामा बालबालिकाहरु पढने अवसरवाट बञ्चित हुनुपर्ने वाध्यात्मक अवस्था रहनेछ । जसले गर्दा शैक्षिक अवस्थामा प्रतिकुल प्रभाव पर्ने देखिएको र सामाजिक उत्तरदायित्व पुरा गर्न , विद्यालय प्रति सामुदायिक अपनत्व भाव विकास गर्न , यस पालिकालाई शैक्षिक केन्द्रको रुपमा विकास गर्न शिक्षा ऐन २०२८ को दफा १६ घ (१क) को व्यवस्थाको आधारमा विद्यालयलाई स्वेच्छिक आर्थिक सहयोग गर्न चाहना प्रकट गर्ने अभिभावकले दिएका सहयोग ग्रहण गर्न विद्यालयलाई वाधा नपर्ने भएकोले धेरै व िद्यार्थीलाई गुणस्तरिय शिक्षाको अवसर दिनु वाञ्छनीय भएको हुँदा विद्यालयलाई अझ उन्नत र प्रभावकारी ढङगवाट सञ्चालन गर्न शिक्षा ऐन २०२८ को दफा १२ को ६ (ञ) ( क), दफा १६ घ (१क) दार्मा गाउँपालिका शिक्षा ऐन २०७७ परिच्छेद ८ ,दफा ४४, उपदफा १२२ तथा शिक्षा नियमावली २०५९ को परिच्छेद ६ नियम २५ (क ) को (१), (ख ),(ढ२) (झ ) (च) (ङ ) परिच्छेद २३ क नियम १४४ (१) को (ख), र (२)परिच्छेद २९ नियम १६६ को (२) र (१) बमोजिम दार्मा गाउपालिको शैक्षिक गुणस्तरलाई सुधार गर्ने उद्धेश्यले यस गाउपालिका भित्रका सामुदायिक विद्यालयहरुमा दार्मा गाउँपालिका र अभिवकहरुको साझेदारीमा शिक्षण सिकाइ सुधार कार्यक्रम कार्यान्वयन गर्न वाञ्छनीय भएकोले दार्मा गाउँपालिकाको कार्यपालिकाले गाउ ँपालिका तथा अभिभावकको साझेदारीमा शिक्षण सिकाइ सुधार कार्यक्रम कार्यान्वयन सम्वन्धी कार्यविधि २०८२ पारित गरेको छ ।

परिच्छेद १

१. क. सक्षिप्त नाम र प्रारम्भ : यस कार्यविधिको नाम दार्मा गाउँपालिका र अभिभावकको साझेदारीमा शिक्षण सिकाइ सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ रहने छ ।

ख. यो कार्यविधि कार्यपालिकाको वैठकवाट पारित भएपछि लागु भएको मानिनेछ

परिच्छेद २

२. परिभाषा - विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. **गाउँपालिका** भन्नाले दार्मा गाउँपालिकालाई सम्झनुपर्दछ ।

ख. **कार्यपालिका** भन्नाले दार्मा गाउँकार्यपालिकालाई सम्झनु पर्नेछ।

ग. **शाखा** भन्नाले शिक्षा युवा तथा खेलकुद शाखा दार्मा गाउँपालिका सल्यानलाई सम्झनुपर्नेछ

घ. **अध्यक्ष** भन्नाले दार्मा गाउँपालिकाका अध्यक्षलाई सम्झनुपर्छ ।

ङ. **शाखा प्रमुख** " भन्नाले शिक्षा युवा तथा खेलकुद शाखाको शिक्षा अधिकृत वा जिम्मेवारी पाएको कर्मचारीलाई सम्झनुपर्छ।

च. **सामुदायिक विद्यालय** भन्नाले नेपाल सरकारवाट नियमित रुपमा अनुदान पाउने गरि अनुदान वा स्विकृत विद्यालय सम्झनुपर्छ।

छ. **सस्थागत विद्यालय** भन्नाले नेपाल सरकारवाट नियमित रुपमा अनुदान नपाउने गरि अनुमति वा स्विकृत प्राप्त विद्यालय सम्झनुपर्दछ ।

ज. **शिक्षक** भन्नाले सामुदायिक तथा सस्थागत विद्यालयमा अध्यापन गराउने अध्यापक सम्झनुपर्दछ । सो शव्दले प्रधानाध्यापकलाई समेत जनाउँछ।

झ. **अभिभावक** भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीका बाबुआमा , बाजे वज्यै , दाई , दिदी लगायत विद्यार्थीको पालनपोषण र शिक्षाको व्यवस्था मिलाउने ब्यक्ति सम्झनुपर्छ ।

ञ. **विद्यार्थी** भन्नाले  विद्यालयमा भर्ना भई  तोकिएको कक्षामा अध्ययन गर्ने विद्यार्थीहरू सम्झनुपर्छ ।

ट. **विद्यालय** भन्नाले दार्मा गाउँपालिकाका ( आधारभुत तथा माध्यमिक तह सञ्चालन रहेका सामुदायिक र संस्थागत विद्यालयलाई सम्झनुपर्दछ

ठ. **गाउँशिक्षा समिति** भन्नाले दार्मा गाउँपालिकाको शिक्षा समितिलाई  सम्झनुपर्दछ ।

ड. **वडा शिक्षा समिति** भन्नाले दार्मा गाउँपालिकाको  सम्वन्धित वडाका शिक्षा समितिलाई सम्झनुपर्दछ

ढ. **सहयोग रकम** भन्नाले अभिभावक वा अन्य महानुभाववाट विद्यालयलाई प्राप्त हुने स्वेच्छिक सहयोग रकम सम्झनुपर्छ ।

ण. **वालविकास** भन्नाले कक्षा १ पुर्वको १ वर्षको शिक्षालाई सम्झनुपर्छ

त. **प्राथमिक तह** भन्नाले कक्षा १ देखि कक्षा ५ सम्मको तहलाई सम्झनुपर्छ

थ. **आधारभुत तह** भन्नाले कक्षा १-८ सम्मको तहलाई सम्झनुपर्छ

द. **माध्यमिक तह** भन्नाले कक्षा ९ -१२ सम्मको तहलाई सम्झनुपर्छ

ध. **गाउँसभा** भन्नाले दार्मा गाउँपालिका गाउँ सभा सम्झनुपर्छ

न. **स्वयंसेवक शिक्षक** भन्नाले पालिकाले प्रदान गरेको स्वयैसेवकमा कोटामा  नियुक्ति भइ मिति २०८० चैत मसान्त सम्म  निरन्तर कार्यरत  शिक्षक सम्झनुपर्छ।

## परिच्छेद ३

३.  कार्यक्रमको लक्ष्य र उद्धेश्य

३.१) विद्यालय सुधार योजनामा तय गरिएका कार्यक्रमहरु कार्यान्वयन गर्नु

३.२) दार्मा गाउँपालिकाका विद्यालयमा शिक्षण सिकाइ सहजीकरणका लागि शिक्षकको व्यवस्थापन गर्नु

३.३ ) दार्मा गाउँपालिका भित्रका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न गाउँपालिका र अभिभावकहरुको  साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्नु ।

## परिच्छेद ४

४ . कार्यक्रम सञ्चालनको लागि शिक्षक व्यवस्थापन  प्रक्रिया

४.१.  विद्यालयमा संचालन भएको जम्मा कक्षा (वर्ग कक्षा समेत) संख्याबाट विद्यालयमा कार्यरत शिक्षक (दरबन्दी,राहत,शिक्षण सहयोग अनुदान) संख्या घटाइ  आएको संख्यालाई  अपुग शिक्षक संख्या  मानिनेछ

४.२. परिच्छेद ४ को ४.१  बमोजिम अपुग भएको शिक्षक संख्यालाई तपशिल बमोजिमको मापदण्डमा व्यवस्थापन गर्ने

क. प्रत्येक विद्यालयमा १ वटा वालविकास केन्द्र रहनेछ।

ख. परिच्छेद ४.२ क बमोजिमको केन्द्रमा कम्तिमा १० जना वालवालिका भर्ना भइ नियमित उपस्थित रहेको हुनुपर्नेछ

ग. परिच्छेद ४.२ ख बमोजिम नभएमा वालविकास कक्षा र कक्षा १ लाई सिकाइ सहजीकरण गर्न संगै व्यवस्थापन गर्न सकिने छ।

घ. वालविकास कक्षामा सिकाइ सहजीकरण गर्न एउटा कक्षामा वढिमा ४० जना वालवालिका राखिनेछ। ४० जना भन्दा वढी वालवालिका भर्ना भइ नियमिति उपस्थित भएमा वर्ग कक्षा सञ्चालन गरिनेछ।

ङ. कक्षा १-३ संञ्चालन भएका  विद्यालयमा न्युनतम २ जना शिक्षक व्यवस्थापन गरिनेछ।

च. कक्षा १-३ सञ्चालन भएको विद्यालयमा  कम्तिमा ४५ जना विद्यार्थी सङ्ख्यामा थप ४० जना विद्यार्थी वरावर  १ जना शिक्षकको दरले शिक्षक व्यवस्थापन गरिनेछ।

छ.कक्षा १-५ सञ्चालन  भएको विद्यालयमा कम्तिमा ३ जना शिक्षक व्यवस्थापन गरिनेछ।

ज. कक्षा १-५ सञ्चालन भएको विद्यालयमा कम्तिमा  ७५ जना विद्यार्थी सङ्ख्यामा थप ४५ जना विद्यार्थी वरावर थप १ जना शिक्षक व्यवस्थापन गरिनेछ

झ. कक्षा १-८ सञ्चालन भएको विद्यालयमा कम्तिमा   ७ जना शिक्षक व्यवस्थापन गरिनेछ।

ञ. कक्षा १-८ सञ्चालन भएको विद्यालयमा कम्तिमा २१० जना विद्यार्थी सङ्ख्यामा थप ४५ जना विद्यार्थी वरावर  थप  १ जना

आधारभूत तहको  शिक्षक व्यवस्थापन गरिनेछ

ट. कक्षा १ -१० सञ्चालन भएको विद्यालयमा कम्तिमा  १०  जना शिक्षक व्यवस्थापन गरिनेछ

ठ. कक्षा १-१० सञ्चालन विद्यालयमा कम्तिमा ४०० जना विद्यार्थी सङ्ख्यामा थप ५० जन विद्यार्थी वरावर थप १ जना माध्यमिक  तहको शिक्षक व्यवस्थापन गरिनेछ।

ड. कक्षा ११-१२ सञ्चालन भएका विद्यालयमा  २ जना माध्यमिक तहको शिक्षक व्यवस्थापन गरिनेछ।

ढ . प्रत्येक माध्यमिक तह सञ्चालन भएका विद्यालयमा १ जना अनमि र १ जना कम्प्युटर सहायक  व्यवस्थापन गरिनेछ।

ण.प्रत्येक माध्यमिक विद्यालयमा खेलकुदको विकासको लागि खेल प्रशिक्षक क्रमश व्यवस्था गरिनेछ। आ.व.२०८२/०८३ मा परीक्षणका रुपमा श्री जनज्योती माध्यमिक विद्यालय र श्री बालकल्याण माध्यमिक विद्यालयमा १ /१ जना खेल प्रशिक्षकको व्यवस्थापन गरिनेछ।

४.३)  गाउँ सभाबाट विनियोजन भएको  **दार्मा गाउँपालिका र अभिभावकको साझेदारीमा शिक्षण सिकाइ सुधार कार्यक्रम** शीर्षकको कुल बजेटमा संघीय अनुदानबाट पारिश्रमिक पाउने बालबिकास सहजकर्ता, कार्यालय सहयोगीलाई गाउँपालिका बाट

अनुसुची-१ वमोजिमको रकम थप गरिने छ। विद्यालय लेखा सहायक लाई संघिय अनुदानमा थप गरि पालिकाले उपलब्ध गराउने निम्नमाध्यमिक शिक्षक सरह पारिश्रमिक उपलब्ध गराइने छ। पालिकाले उपलब्ध गराउने अनुदानबाट पारिश्रमिक पाउने बालबिकास सहजकर्ता , खेल प्रशिक्षक, कम्प्युटर सहायक र विद्यालय अनमि पदमा कार्यरत रहेका विद्यालयमा निजहरुको पारिश्रमिक बापतको रकम अनुसुचि १ मा उल्लेख गरिए बमोजिमको अनुदान रकम विद्यालयगत उपलव्ध गराउने ।

४.४) दरबन्दी मिलानपश्चात शिक्षकले पदस्थापन भएको विद्यालयमा कामकाज गर्नुपर्ने छ तर विशेष अवस्थामा पालिकाले काजमा खटाउन सक्ने छ।

**परिच्छेद ५**

५. अभिभावक स्वेच्छिक सहयोग सम्वन्धमा

५.१) गाउपालिका र अभिभावकको साझेदारीमा शैक्षिक गुणस्तर सुधार कार्यक्रम संचालन गर्न इच्छुक विद्यालयहरुले विद्यालय सुधार योजनामा उल्लेख भएका योजनाहरु कार्यान्वियन गर्न प्रस्तावना पत्र तयार गरी अभिभावक भेला गरि स्वेच्छिक सहयोग सम्वन्धमा आग्रह तथा छलफल गर्नसक्नेछ ।

**परिच्छेद ६**

६.१) शिक्षा युवा तथा खेलकुद शाखाले विद्यालयहरुको प्रस्तावना पत्रका आधारमा अभिभावक र गाउँ पालिकाको साझेदारीमा शैक्षिक गुणस्तर सुधार कार्यक्रम संचालनका लागि शिक्षा समितिको सिफारिस र कार्यपालिकाको निर्णय अनुसार त्रैमासिक रुपमा विद्यालयहरुलाई अनुदान उपलब्ध गराउने ।

६.२ ) आन्तरिक स्रोतवाट त.भ पाउने शिक्षकलाई त.भ. भुक्तानी गर्दा शिक्षण अध्यापन अनुमति पत्र प्राप्त योग्य शिक्षकलाई मात्र उक्त रकमवाट त.भ भुक्तानी गर्न पाइनेछ ।

६.३ ) अनुदान रकम विद्यालयले तयार गरेको प्रस्तावनाका आधारमा तयार गरेको शैक्षिक गुणस्तर सुधार कार्यक्रम कार्यान्वियन कार्ययोजना अनुसारका कार्यक्रमहरुमा खर्च गर्ने ।

**६.४. २०८० चैत मसान्त सम्म स्वंसेवक शिक्षकको रुपमा कार्यरत रहि हाल सम्म अटुट रुपमा सेवा गरिरहेका शिक्षक व्यवस्थापनको लागि विद्यालयमा अनुदान व्यवस्था हुने छ।**

**परिच्छेद ७**

**७.१. अनुदान रकम प्राप्त गर्न पुरा गर्नु पर्ने सर्तहरु**

क) विद्यालयले विद्यालय सुधार योजना र वार्षिक कार्यान्वयन योजना निर्माण गरि विब्यसबाट स्वीकृत गरेको,

ख) विद्यालयमा बिब्यस ,शिअसं गठन भई नियमानुसार बैठक बसेको,

ग) विद्यालयले प्राप्त गरेको दरबन्दी ,राहत र शिक्षण सहयोग अनुदानमा शिक्षक रिक्त नभएको

घ) विद्यालयमा सामाजिक र लेखा परीक्षण भई बेरुजु नदेखिएको

ङ) गाउ पालिकाका र अभिभावकको साझेदारी कार्यक्रम कार्यान्वयन गर्न अपुगस्रोत ब्यवस्थापन गर्ने विव्यसको प्रतिबद्धता

ङ) गाउँपालिका र अभिभावकको साझेदारीमा कार्यक्रम कार्यान्वयन प्रस्तावना पत्र शिक्षा , युवा तथा खेलकुद शाखामा पेश गरेको

परिच्छेद ८

८.१ .अनुदान रकम सिफारीस विधि तथा प्रक्रिया

क) गाउँपालिका र अभिभावकको साझेदारीमा कार्यक्रम कार्यान्वयन अनुदानका लागि कार्यक्रममा सहभागी हुन चाहने दार्मा गाउपालिका भित्रका सामुदायिक विद्यालयहरुले शिक्षा ,युवा तथा खेलकुद शाखाले तोकेको मिति भित्र तोकिएको ढाँचामा प्रस्तावना पत्र पेश गर्ने।

ख) शाखा प्रमुखले प्राप्त गरेको प्रस्तावनापत्र मुल्याङकन गरी अनुदान प्राप्त गर्ने विद्यालय र रकम समेत खुलाई गाउँशिक्षा समितिमा पेस गर्ने

ग) शिक्षा समितिको सिफारीसमा कार्यपालिकाको निर्णयबाट विद्यालयको स्वीकृत प्रस्तावना अनुसार कार्य सम्पादन सम्झौता गराइ अनुदान रकम तोकिए बमोजिम उपलब्ध गराउने।

परिच्छेद ९

९.१ अनुदान रकम खर्च गर्ने आधार र प्रक्रिया

कार्यसम्पादन सम्झौता बमोजिम स्थानीय तहबाट प्राप्त अनुदान देहायको शीर्षकमा खर्च गर्नुपर्नेछ:

क) न्युनतम योग्यता पुगेका शिक्षकहरुको लागि पारिश्रमिक ,

ख) शैक्षिक सामग्री विकास खर्च,

ग) विद्यालय सुधार योजनामा आधारित रही शैक्षिक सुधारको लागि आवश्यक खर्च,

परिच्छेद १०

१०. १. खारेजी र वचाउ

क. गाउँपालिकाले यसअघी प्रदान गरेको अनुदान यसै कार्यविधि बमोजिम लिएको मानिनेछ।

ख. यो कार्यविधि प्रचलित कानुनसंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

ग. यो कार्यविधि गाउँकार्यपालिकाले संसोधन गर्न सक्नेछ।

दार्मा गाउँकार्यपालिकावाट पारित मिति २०८२/

अनुसूची १

विद्यालयले नियुक्ति गरेका शिक्षक तथा कर्मचारिहरुको मासिक तलव भत्ता देहाय बमोजिम कायम हुने गरी अनुदान उपलब्ध हुने छ।

प्राथमिक शिक्षक - १८०००

निम्न माध्यमिक शिक्षक – २००००।-

माध्यमिक शिक्षक - २२०००।-

माध्यमिक (११- १२) - २५०००।-

विद्यालय अनमी - १७६००।-

कम्प्युटर सहायक - २००००।–

खेल प्रशिक्षक-२००००/-

वालविकास स्थानीय - १५०००।

वालविकास थप गापाबाट - ६०००

विद्यालय सहयोगी - ६०००

लेखा - ५५००

आज्ञाले,

रेशम ओली

प्रमुख प्रशासकीय अधिकृत